# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
'अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका'

प.सं.: २०८१।०८२
च .नं.: ११५०

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही, कुञ्जलापुर, लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१/०८/११

विषयः राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,

तिलोत्तमा नगरपालिका, रुपन्देही ।

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको छैठौं संस्करण २०८१/८/२७ गतेदेखि २९ गतेसम्म सञ्चालन गरिने भएकाले चालु शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका (फाराम भर्ने अन्तिम दिनसम्मको) खेलाडी विद्यार्थीहरुको जन्मदर्ता वा नेपाली नागरिकताका आधारमा खेलाडी विद्यार्थीहरुलाई मात्र खेलहरुमा भाग लिन राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०(संशोधन सहित) को अनुसूचि १ बमोजिमको प्रत्येक खेलको लागि छुट्टाछुट्टै फारम र फोटो, विद्यार्थीहरुको EMIS CODE र जन्मदर्ता वा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी मिति २०८१/०८/२३ गते कार्यालय समयभित्र तिलोत्तमा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा नाम दर्ता गर्नुहुन अनुरोध छ साथै आयोजनामा हुने खेलकुदको विवरण देहायबमोजिम भएको व्यहोरा अनुरोध छ ।

तपसिलः-

प्रतियोगितामा समावेश हुने खेलहरुः

१.भलिबलः छात्र/छात्रा  २. कबड्डीः छात्र/छात्रा

३.एथलेटिक्स अर्न्तगतः

क. दौड(ट्र्याक) तर्फः

छात्रः १००मि., २००मि.,४००मि., ८००मि., १५०० मि., ३०००मि.,४•१००मि.रिले, ४•४००मि.रिले

छात्राः १००मि., २००मि.,४००मि., ८००मि., १५००मि., ३०००मि.,४•१००मि.रिले, ४•४००मि.रिले

ख. उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ,

छात्रः हाईजम्प, लङ्जम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड

छात्राः हाईजम्प, लङ्जम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम सटपुट ८ पाउण्ड

४. मार्सल आर्ट तर्फ

क.कराँते तर्फ :छात्रः U '४२ केजी, U '४७ केजी, U '५२ केजी, U '५७ केजी, U '६२ केजी,काता (एकल)
छात्राः U '४० केजी, U '४५ केजी, U '५० केजी, U '५५ केजी, U '६० क़ेजी,काता (एकल)

ख.तेक्वान्दो तर्फ :छात्राः U '४५ केजी, U '४८ केजी, U '५१ केजी, U '५५ केजी, U '५९ केजी र एकल पुम्से
छात्राः U '४२ केजी, U '४४ केजी, U '४६ केजी, U '४९केजी, U '५२ केजी र एकल पुम्से

- प्रतियोगितामा भाग लिन आउने खेलाडीहरुले अनिवार्य रुपमा जर्सी र जुत्ता लगाउनुपर्ने,
- समूह खेल कबड्डी र भलिबलका लागि १०/१० जना खेलाडीहरु समावेश हुनुपर्ने,
- एथलेटिक्स तर्फ एक खेलाडीले बढीमा १ फिल्ड र २ ट्र्याक वा २ फिल्ड र १ ट्र्याकको खेलमा भाग लिन पाउने छ,
- प्रतियोगितामा भाग लिने खेलाडीले विद्यालयको EMIS CODE सहितको परिचयपत्र अनिवार्य रुपले लगाउनुपर्नेछ,

२०८१ गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Maniaram. Rupandehi

Scanned with CamScanner

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**छैठौं नगरस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुले खेल सम्बन्धि पालना गर्नुपर्ने नियमहरु :**

१. प्रतियोगितामा सहभागी खेलाडी विद्यार्थीहरुले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछन् ।

२. अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

३. २०८१ मार्ग २३ गते सम्म १८ बर्ष उमेर पुग्ने विद्यार्थीहरु यो प्रतियोगितामा भाग लिन पाउने छन्

४. गैर विद्यार्थीहरु यो प्रतियोगितामा भाग लिन पाउने छैनन्, जन्मदर्ता / नागरिकता अनिवार्य पेश गर्नुपर्नेछ ।

५. शैक्षिक सत्र २०८१ को कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत विद्यार्थीहरु मात्र खेलकुद प्रतियोगिताहरुमा सहभागी हुन सक्नेछन् ।

६.प्रतियोगितामा सहभागी हुँदा सम्बन्धित विद्यालयहरुले खेलाडीहरुलाई अनिवार्य रुपमा जर्सी, जुत्ता र विद्यालयको झण्डाको व्यवस्था गर्नुपर्नेछ ।

७. प्रतियोगितामा सहभागी हुने खेलाडी विद्यार्थीहरुको सम्पूर्ण विवरण सहित २०८१।०८।२३ गते कार्यालय समय भित्र नाम दर्ता गराउनुपर्नेछ ।

८. प्रतियोगितामा सहभागीताको लागि टिम दर्ता गर्दा तिलोत्तमा नगरपालिकाको राजस्व शाखामा शुल्क रु २००० तिरेको भौचर पेश गनुपर्ने छ ।

९.प्रतियोगितामा सहभागी खेलाडीहरुले भलिवल र कबड्डी मध्ये एक खेल विधामा मात्र सहभागी हुन पाउने छन् ।

१०. कुनै खेलाडी वा विद्यालय बिरुद्ध उजुरी दिदा टिम गेमको हकमा रु. ३०००।- र अन्य खेल इभेन्ट्सको हकमा रु. १०००।- सहित निवेदन पेश गर्नु पर्नेछ ।

११. समूह खेल कबड्डी र भलिबलको लागि १०/१० खेलाडीहरु सहभागी गराउनुपर्नेछ ।

१२. खेल सन्चालनमा कुनै समस्या आएमा सहमतिबाट समाधानको प्रयास गरिनेछ, सहमति नभएमा आयोजक समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**टिम दर्ता गर्ने स्थान : छैठौं तिलोत्तमा नगर स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको सचिवालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा तिलोत्तमा नगरपालिका**
**सर्म्पक नं. ९८५७०३५०२४, ९८४७२५४४८०**

२०८१/०८/११

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

Scanned with CamScanner

अनुसूची-१

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

**(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)**

प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना

फोटो

१.सहभागी विद्यार्थीको नामः

२.विद्यालयको नाम/ठेगानाः

३.अध्ययनरत कक्षाः

४.जन्म मितिः

५.सहभागी हुने खेलः

६.सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुञ्जलापुर, मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| मोबाइल/ फोन नं. | मोबाइल/ फोन नं. | मोबाइल/ फोन नं. | मोबाइल/ फोन नं. |
| विद्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

Scanned with CamScanner